# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०८) पोखरा, असार १९ गते, २०८२ साल (सङ्ख्या ०४

भाग ३

## आर्थिक मामिला मन्त्रालयको सूचना

## बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत (तेस्रो संशोधन) कार्यविधि, २०८२

प्रस्तावनाः बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ६० ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत (तेस्रो संशोधन) कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ।

२. **बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१ को दफा १० मा संशोधनः** "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१" को दफा १० को उपदफा (२०) पछि देहाय बमोजिमको उपदफा (२१) राखिएको छः-

"(२१) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आर्थिक वर्ष २०८१/८२ मा सञ्चालनमा रहेका क्रमागत आयोजना वा कार्यक्रमको कुल लागत र लागत साझेदारी अनुपात साविककै व्यवस्था बमोजिम हुनेछ ।"

आज्ञाले,
डिल्लीराम रिज्याल
प्रदेश सरकारको नि.सचिव

मुद्रकः गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय। मूल्य रु. १०।-